

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



नियमितरूपमा साबुन–पानीले हात धुने, खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख छोप्ने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ ०५ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 May 19 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २६०


## पर्सामा एन्टिजेन किट सकियो

## नारायणी अस्पतालमा केमिकल अभाव

प्रस, परवानीपुर, ४ जेठ

कोरोना सङ्क्रमण जाँच्ने सामग्री एन्टिजेन किटको पर्सामा अभाव भएको छ ।




तस्वीरः फाइल

स्वास्थ्य कार्यालय पर्साले एन्टिजेन किटको अभावले कोरोना सङ्क्रमण नियन्त्रणमा चुनौती थपिएको जनाएको छ । स्वास्थ्य कार्यालय पर्साले विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थाका लागि आवश्यक एन्टिजेन किट तीन दिनदेखि पर्सा जिल्लामा सकिएको स्वास्थ्य निरीक्षक जयमोद ठाकुरले बताए । पर्साका गाउँगाउँमा अहिले कोरोना सङ्क्रमण समुदायस्तरमा फैलिरहेको अवस्थामा करीब ५ हजार एन्टिजेन किट तत्काल आवश्यक रहेको उनले बताएका छन् ।

प्रदेश २ सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालयसँग स्वास्थ्य कार्यालय पर्साले पत्राचार गरी जानकारी गराएको तर हालसम्म उपलब्ध नभएको स्वास्थ्य अधिकृत ठाकुरले बताए । केन्द्र सरकारबाट प्रदेश सरकारलाई पर्याप्त किट उपलब्ध नभएकाले प्रदेशभरि अभाव रहेको उनले बताए ।

प्रदेश २ का मुख्यमन्त्री लालबाबू राउत गद्दीले गत साता ५० हजार एन्टिजेन र भिटिएम किट खरीद गर्ने निर्णय भएको र सोको लागि प्रक्रिया अगाडि बढिसकेको बताए ।

यसैबीच, नारायणी अस्पताल पिसिआर प्रयोगशालाको लागि आवश्यक भिटिएम र रिएजेन्ट किटलगायत केमिकलको अभाव भएको बताइएको छ । केही दिनमैं नारायणी अस्पतालको पिसिआर प्रयोगशालाको केमिकल पनि सकिने कर्मचारीहरूले बताएका छन् ।

## वीरगंजमा मङ्गलवार तीनजना सङ्क्रमितको मृत्यु

प्रस, वीरगंज, ४ जेठ⁄

वीरगंजका अस्पतालमा मङ्गलवार तीनजनाको मृत्यु भएको छ ।

नारायणी अस्पतालका कोभिड संयोजक डा सरोजरोशन दासले बारा र रौतहटका एक⁄एकजना गरी दुईजना सङ्क्रमितको नारायणी अस्पतालमा मृत्यु भएको बताए । उनले बारा जिल्ला प्रसौनी गाउँपालिका वडा नं २ निवासी ४१ वर्षीय पुरुषको बिहान सवा एक बजे निधन भएको बताए । वैशाख २० गते मृतक अस्पतालमा भर्ना भएका थिए ।

यसैगरी, अर्का मृतक रौतहट राजपुर नगरपालिका वडा नं १ निवासी ७० वर्षीय पुरुषको बिहान डेढ बजे निधन भएको संयोजक डा दासले बताए ।

यसैगरी, भवानी अस्पतालमा वीरगंज–१५ कि एकजना ५२ वर्षीया महिलाको मृत्यु भएको जिल्ला प्रशासन कार्यालय पर्साका सूचना अधिकारी विनय श्रीवास्तवले बताए । महिला सङ्क्रमित भएपछि सो अस्पतालमा वैशाख १७ गतेदेखि भर्ना भएर उपचार गराउँदै आएकी थिइन् ।

## निम्बसद्वारा मास्क, सेनिटाइजर सहयोग

प्रस, वीरगंज, ४ जेठ⁄

निम्बस ग्रुप वीरगंजले सामुदायिक सेवा केन्द्र छपकैया–२ लाई २५ सय थान मास्क र २० लिटर सेनिटाइजर सहयोग गरेको छ ।

सामुदायिक सेवा केन्द्र छपकैया–२ का अध्यक्ष ग्यासुद्दीन मियाँ ठकुराईलाई हस्तान्तरण गरिएको मास्क राइजिङ वीरगंज नेपालको पहलमा मङ्गलवार श्रीराम हलअगाडि प्रहरी बिट, सामुदायिक सेवा केन्द्र कार्यालयअगाडि



तस्वीरः प्रतीक

र ईदगाह चोकमा मास्क नलगाइ हिंड्ने स्थानीयलाई वितरण गरिएको थियो ।

हातमा सेनिटाइजर छर्केर मास्क दिइएको थियो । कार्यक्रममा वरिष्ठ उपाध्यक्ष अब्दुल हक, सचिव प्रवीणविक्रम शाह, कोषाध्यक्ष प्रेमा सिंह, सदस्य अजितकुमार भुजेल, राइजिङ वीरगंज नेपालका आरजु खान, इमामुल हक, ज्याउल हक, सामुदायिक प्रहरी सेवा छपकैयाका प्रहरी सहायक निरीक्षक गोविन्दराय यादव, प्रहरी हवल्दार शैलेन्द्रप्रसाद यादव, प्रहरी जवान राजकुमार तामाङलगायतले सघाएका थिए ।

### छोटकरी

#### दशजना जुवाडे पक्राउ

प्रस, रौतहट, ४ वैशाख⁄

जिल्ला प्रहरी कार्यालय रौतहटको टोलीले स्थानीय एउटा रेस्टुरेन्टबाट दशजना जुवाडेलाई पक्राउ गरेको छ ।

निषेधाज्ञामा गौर नगरपालिका–१ स्थित सूर्य बैम्बो रेस्टुरेन्टमा बसेर जुवातास खेलेको कसूरमा हिजो राति दशजना जुवाडेलाई खालबाट पक्राउ गरिएको जिप्रका रौतहटले जनाएको छ ।

उनीहरूबाट ६४ हजार नगद, ११ थान मोबाइल र तीन थान तास बरामद भएको छ । पक्राउ पर्नेहरू सबैजना १९ देखि २२ वर्ष उमेरका युवा छन् ।

## थप ९५ जनामा सङ्क्रमण पुष्टि

प्रस, वीरगंज, ४ जेठ⁄

नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले सोमवार राति थप ९५ जना सङ्क्रमित पुष्टि गरेको छ ।

२८८ जनाको स्वाब नमूना परीक्षण गर्दा ९५ जना सङ्क्रमित पुष्टि भएको नारायणी अस्पतालका कोभिड संयोजक डा सरोजरोशन दासले बताए ।

पर्साका ५८ जना, बाराका २१ जना, रौतहतका ९ जना, सर्लाहीका ७ जना गरी ९५ जनामा सङ्क्रमण पुष्टि भएको संयोजक डा दासले बताए ।

सङ्क्रमित १४ देखि ८३ वर्ष उमेर समूहका ६७ जना पुरुष र २८ जना महिला रहेका छन् । उनीहरूको सिटी भ्यालू १४.९ देखि ३५ सम्म रहेको डा दासले बताए ।

## निषेधाज्ञाले गाउँमा निर्माण सामग्रीको मूल्य बढ्यो

प्रस, सेढवा, ४ जेठ⁄

कोरोना महामारी नियन्त्रणका लागि जारी निषेधाज्ञाका कारण पर्सा जिल्लाका ग्रामीण क्षेत्रमा निर्माण सामग्रीको मूल्य बढेको छ ।

वीरगंजबाट ढुवानी बन्द भएको बहानामा स्थानीय विक्रेताले मनोमानी तरीकाले निर्माण सामग्री बिक्री गर्दै आएका छन् । आयुष कन्स्ट्रक्शन बिजबनियाका सञ्चालक विनोद साहले निषेधाज्ञाका कारण बजारमा छड, सिमेन्ट, तार जाली, बालुवा, गिट्टी, बोल्डरको मूल्य वृद्धि भएको बताए । उनले निर्माण सामग्रीको मोल बढेसँगै असार मसान्तमा निर्माण सम्पन्न गर्ने गरी सकार भएका ठेक्कापट्टाका काम प्रभावित हुन सक्ने बताएका छन् । अहिले स्थानीय तहबाट विद्यालय भवन, सामुदायिक भवन, सडक ढलान, नाला निर्माण, कम्पाउन्डवाललगायतका निर्माण कार्य ठेक्का, उपभोक्ता समितिमार्फत गराइँदैछ । तर बजारमा निर्माण सामग्रीको मोल बढेको कारण सकार गरिएको मोलमा ठेक्का सम्पन्न गर्न समस्या हुने ठेकदार साहले बताए । उनले रु ७५ प्रतिकिलो पर्ने छड अहिले रु ११० सम्ममा बिक्री भइरहेको बताए । आपूर्ति बन्द भएका मूल्यवृद्धि भएको बताए । उनले आपूर्ति बन्द भएको कारण सञ्चित सामानको मूल्य बढेको बताए ।



गाउँघरमा निर्माण कार्य गर्दै कामदार । तस्वीरः प्रतीक

यसैगरी, सिमेन्टमा पनि प्रतिबोरा रु ५० देखि ७० बढाइएको बताए । जीराभवानी इन्टरप्राइजेजका सञ्चालक बिन्दा साहले कारखाना बन्द भएर छड, सिमेन्टको जीराभवानी गापाका रामाशङ्कर चौधरीले निषेधाज्ञासँगै निर्माण सामग्रीको मोल बढेको कारण आफूले घर ढलानको काम रोक्नुपरेको बताए ।

## निषेधाज्ञामा माछा मार्ने कार्य प्रभावित

नरेश यादव, पर्सागढी, ४ जेठ⁄

अहिले माछा मार्ने मुख्य सिजन भएपनि निषेधाज्ञाको कारण माछाको



पोखरीबाट माछा निकाल्दै माझीहरू । तस्वीरः फाइल

मोलसँगै खपत पनि घटेकाले माछा मार्ने काम प्रभावित भएको छ ।

माझी भागीरथ सहनीले निषेधाज्ञा भएको कारण माछाको खपत कम भएको र मोल पनि घटेकाले माछा मार्ने काम आशाप्रदरूपमा नभइरहेको बताए । उनले चैतदेखि असार महीनाको पहिलो सातासम्म माछा मार्ने काम हुने गरेको बताए । उनले असारे वर्षाले पोखरीको डिल भत्कने, पानीको बहाव बढेर माछाहरू भाग्ने भएकाले असारको पहिलो सातासम्म माछा मार्ने काम सकाउने गरेको बताए । उनले अहिले निषेधाज्ञाको कारण माछा मार्ने काम कम भएको बताए । गत वर्ष पनि यही समयमा लकडाउन थियो र अहिले पनि निषेधाज्ञा छ । माछापालकहरूले गत वर्ष घाटा बेहोर्नुपरेका बताए । यस वर्ष पनि त्यस्तै सङ्केत मिलेको उनीहरू बताउँछन् । निषेधाज्ञाको कारण अहिले पोखरीमा माछाको मोल रु १८० प्रतिकिलो छ । जबकि सामान्य अवस्थामा पोखरीमा माछाको मोल प्रतिकिलो रु २५० सम्म हुने गर्दथ्यो । जाडोयाममा माछा झनै महँगोमा बिक्री हुने गर्छ । पर्सा जिल्लामा ५७१.०८ हेक्टर जलाशय छ र यसमध्ये ४२१.७१ हेक्टरमा माछाखेती गरिन्छ । जिल्लामा ३१४४.३५ मेट्रिक टन खानयोग्य माछा उत्पादन हुने गर्छ ।

## कलैयामा दुईजना बालकको घाँटी रेटी हत्या

प्रस, निजगढ, ४ जेठ⁄

कलैया उपमहानगरपालिका–७ रङ्गपुरमा दुईजना बालकको घाँटी रेटेर हत्या गरिएको छ ।

स्थानीय अब्दुल अन्सारीका ७ वर्षीय छोरा अमिन अन्सारी र ९ वर्षीय छोरा उस्मान अन्सारीको घाँटी रेटेर हत्या भएको बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक गौतम मिश्रले बताए ।

उनले हत्या गरिएका दुईजना बालक सोमवार राति सात बजेदेखि घरपरिवारको सम्पर्कमा नरहेका र उनीहरू बिहान मृत फेला परेको बताए ।

प्रवक्ता मिश्रले तत्काल हत्याका अरू तथ्य पत्ता लागिनसकेको र प्रहरी अनुसन्धान भइरहेको बताए ।

दुवै बालकको शव स्थानीय एक निर्माणाधीन सल्फिया कन्जुलउलुम मदर्सामा भेटिएको प्रवक्ता मिश्रले बताए ।

हत्या गरिएका बालकका पिता अब्दुल अन्सारी रोजगारको सिलसिलामा विदेशमा छन् ।


### हार्दिक श्रद्धाञ्जलि



नेपाली काङ्ग्रेस पार्टीका महाधिवेशन प्रतिनिधि **भूपेन्द्र तिवारी**को ५४ वर्षको उमेरमा असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**रमेश रिजाल** (केन्द्रीय सदस्य) ***एवं***
**नेपाली काङ्ग्रेस प्रतिनिधिसभा क्षेत्र नं. ४**
**क्षेत्रीय कार्यसमिति परिवार, पर्सा**

## विचारसार र सूक्तिहरू

उपवास त्यही हो, जसमा कुनै पनि स्वार्थयुक्त कामना हुँदैन । —स्वामी रामतीर्थ

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## नडरा, नकरा पन्छी सुकुमार...

**अहिले कोरोनाको ताण्डव चरममा छ। सर्वत्र हल्लाको बजार गर्म छ। जसलाई जे मन लाग्छ, महामारीबारे ज्ञान ओकलिदिन्छ। सञ्चार माध्यमहरूले त्रास पस्किरहेका छन्। हाम्रोजस्तो अनधिकृत अन–लाइन र सामाजिक सञ्जालहरूले झन् आफूलाई 'बिकाउन' भयावह तथ्याङ्क पेश गरिरहेका छन् । नेपाली जनता आफैं जान्ने–बुझ्ने बन्न माहिर छ । उसको यो जनाइ र बुझाइले कोरोनाजस्तो महामारीले मलजल पाइरहेको छ। विश्वको सबै तथ्याङ्कहरूलाई पछि पार्दै नेपालमा सङ्क्रमितहरूको सङ्ख्या बढिरहेको छ। यसमा सरकारको कार्यहीनता सबैभन्दा दोषी देखिएको छ भने नागरिक स्वयं पनि लापरवाह छ । नपरी नचेत्ने नेपाली बानी हो । अरू परेको, अरूले भोगेको दु:खसँग पनि सरोकार राख्दैन नेपाली जनता। उसलाई आफैं पर्नुपर्छ, आफैंले भोग्नुपर्छ, अनि मात्र चेत्छ। उता सरकार भने बल्ल कुर्सीको खेलबाट मुक्त भएको छ। त्यो पनि कति दिन ? बहुमतको सरकार अल्पमतमा पर्न बेर लागेन, कुर्सी थाम्न सकस पऱ्यो भने अहिले त अल्पमतकै सरकार हो ।**

**जाबो अक्सिजनको खाली सिलिन्डर, फलामे ठाँडो, त अरूले नदिएसम्म देशवासीलाई उपलब्ध गराउन नसक्ने सरकारसँग के अपेक्षा राख्नु ? बरु विदेशमा रोजीरोटी कमाउन गएका विपन्न नेपालीहरूले पेट काटेर फलामे भाँडो पठाउँछन्, लाचार र लाछी सरकार खरीद गर्न सक्ने होइन। हो हात पसारेर जोसँग पनि माग्न निर्लज्जताको कुनै पनि सीमा नाघ्न चुक्दैन। देशमा दिन प्रतिदिन कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दै छ। अस्पतालमा भर्ना हुने स्थान छैन। भर्ना नै भएर के गर्ने, अस्पतालमा न चिकित्सक छ, न अक्सिजन। केही मागेर, केही दान–दातव्यमा सिलिन्डर त पाइयो, अब अक्सिजन कहाँबाट ल्याउने ? औषधिको त भगवान् पनि मालिक छैनन् । यस देशमा कोरोना उपचारमा प्रयोग हुने औषधि नै छैन । सरकारले कमिशन नपाएसम्म मगाउँदैन । अनि कालाबजारीको धूम छ । त्यो पनि सबैले पाउँदैन । समस्या विकराल छ। तर के यति मात्रले मानिसको अस्तित्व नै समाप्त हुन्छ त ? कुरा नेपालको मात्र होइन, धेरै मुलुक साधनहीन छन्, तिनका पनि जनता अबुझ र अज्ञानी छन्, त्यहाँ पनि यस्तो गैरजिम्मेवार सरकार होला । के सबै समाप्तप्राय: नै हुन्छ त !**

**महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेखेका छन्–'नडरा नकरा, पन्छी सुकुमार/ हाँस्छ उषाको दिव्य मुहार, उदयाचलको आँचलमा ।' मानिसमा एउटा अद्भूत गुण हुन्छ । ऊ बर्खोयान्स्क र अलास्काजस्तो बाऱ्है महीना बर्फ खस्ने ठाउँमा बाँच्छ भने अति गर्मी हुने मरुभूमिमा पनि बाँच्छ। मानिसमा गजबको जीवनीशक्ति हुन्छ, विकट अनुकूलन क्षमता हुन्छ र इच्छाशक्तिले गर्दा कस्तै पनि समस्याको समाधान गर्न सक्षम हुन्छ । हिजो प्लेग, हैजा, बिफरजस्ता महामारी आए, मानिसको क्षति त भयो तर यी महामारीहरूलाई पराजित पाऱ्यो। यताका दिनमा कोरोनाका कैयौं प्रजाति–सार्स, इबोलाजस्ता सङ्क्रमण थेग्यो । अब कोभिड–१९ आएको छ। झन् योभन्दा बर्बर युके भेरिएन्ट आएको छ, अझ योभन्दा १६ गुणा बढी मारक तेस्रो संस्करण आउने भविष्यवाणी विश्व स्वास्थ्यविज्ञहरूले गरेका छन् । यी सबैलाई निरुत्तर र प्रभावहीन पार्न सकिन्छ, यदि मानिसले धैर्य र संयम राख्ने हो भने। यसमा खर्च पनि लाग्दैन। हामी कुनै पनि संस्करणको कोरोनालाई पराजित गर्नेछौं, यदि सामान्य स्वास्थ्य मापदण्ड पालना गऱ्यौं भने ।**

# कोरोना सङ्कट : एक चर्चा

कोरोना भाइरसले अहिलेसम्म विश्वभरि १६ करोडलाई सङ्क्रमित पारेर ३३ लाख मानिसको ज्यान लिइसकेको छ। भारतमा मात्रै सम्पूर्ण विश्वको चालीस प्रतिशत कोरोना केस रहेको र भारतपछि सबैभन्दा बढी प्रभावित हुने मुलुक अमेरिका रहेको सन्दर्भमा अस्ट्रेलियाको Weekend Australian पत्रिकामा शेरी मार्क्सनको लेख प्रकाशित छ, जस अनुसार चीनको लिबरेशन आर्मीका वैज्ञानिकहरूले २०१५ मा नै जैविक–आयुध (Bio-weapon) का सम्बन्धमा चर्चा गरेको र Saars Covid मा genetic मैनिपुलेशनबाट रोग सार्न सक्ने क्षमता विकसित गर्न सकिने कुरा उल्लेख रहेको र यससम्बन्धी केही प्रामाणिक दस्तावेज अमेरिकासँग रहेको उल्लेख छ। साथै न्यून खर्चमा प्रतिपक्षी राष्ट्रको आर्थिक एवं सैन्य स्वरूप कमजोर गर्न सकिने यस प्रणालीबाट कहीं चीनले तेस्रो विश्वयुद्धको शुरूआत त गरेको होइन भन्ने प्रश्न उठाइएको छ, जसको चिनियाँ अधिकारीहरूबाट खण्डनसमेत आएको छ भने अमेरिका र भारतले यसमा कुनै प्रतिक्रिया दिएका छैनन् । भारतको दक्षिणी राज्यहरूमा देखापरेको नयाँ भेरिएन्ट अहिले सङ्क्रमण गर्ने युके भेरिएन्टभन्दा १६ गुणा बढी खतरनाक रहेकोमा विश्व बैंकले समेत चिन्ता व्यक्त गरेको छ । हाल उपलब्ध हुने खोपहरू यसमाथि प्रभावकारी नहुने चिन्तासमेत विज्ञहरूलाई रहेको छ । भारतमा विगत सोमवार अर्थात् वैशाख २७ गते र मे १० तारिखदेखि नयाँ सङ्क्रमितको सङ्ख्या चार लाखबाट घटेर तीन लाख २५ हजारसम्म पुगेको र निको हुनेको सङ्ख्या पनि क्रमशः बढ्दै गएर ३.७५ लाखसम्म पुगेको तथ्य स्वास्थ्य मन्त्रालयको तर्फबाट सार्वजनिक गरिएको छ। यस्तोमा हाम्रो स्थिति हेर्दा वैशाख २९ गते सार्वजनिक गरिएका परिणाम अनुसार २०,३६५ जनाको परीक्षण गर्दा ९३०५ जना सङ्क्रमित भेटिएकाले ४५.६९ प्रतिशतमा सङ्क्रमण देखिन्छ ।

यस्तोमा नेपाली स्वास्थ्यविज्ञ डा. रवीन्द्र पाण्डेले आफ्नो अन्तर्वार्तामा आगामी ३ सप्ताह अर्थात् जेठ १५ गतेसम्मको अवधि नेपालका लागि अत्यन्त संवेदनशील रहेको बताएका छन्। भारतबाट आएकाहरूबाट नै सरेको मानिएको युके भेरिएन्ट भारतबाट नेपाल आउने भारतीय र भारतमा काम गर्ने नेपालीहरू नेपाल फर्कन थालेपछि शुरू भएकोले नेपालको उत्कर्ष भारतभन्दा ढिलो आउने अनुमान गरिएको बुझिन्छ।

नेपालको कोरोनाको स्थितिको सम्बन्धमा ११ मेको द गार्जियन पत्रिकामा प्रकाशित सुविना श्रेष्ठको एउटा लेखका अनुसार गत वर्षको पहिलो लहरमा अक्टुबर महीनामा सङ्क्रमणको सङ्ख्या दैनिक तीन हजारसम्म हुँदै जनवरी २०२१ मा ३०० दैनिकको सङ्ख्यामा झरेको सङ्क्रमण अक्सफोर्ड डाटा ट्र्याकिङ साइट अनुसार अप्रिलको ३ र ४ हप्तासँग तुलना गर्दा मई १ सम्म आइपुग्दा ६६८ प्रतिशत बढेर गएको पाइन्छ भने रेडक्रसकै तथ्याङ्क अनुसार मई १ सम्म परीक्षण भएकामध्ये ४४ प्रतिशत सङ्क्रमित फेला परेका थिए ।



स्वतन्त्र विचार

विनोद गुप्ता

**जगरनाथपुरको चीलझप्टी र पचगावाँका समाचारहरूबाट सावधान हुँदै सामान्य जान्ने–बुझ्नेले पनि अस्पताल देखाउने क्षेत्र बनेको यस समयमा आफ्नो स्वास्थ्यको आफैं रक्षा गर्न N-95 mask वा साधारण खालको दोहोरो मास्क लगाउने, हात धुने, दुई मिटरको दूरी कायम गर्नुका साथै सकेसम्म बाहिर ननिस्कने गर्नु सर्वोत्तम उपाय हुन सक्छ ।**

अहिले नेपालभरि ६०० देखि १००० सम्म भेन्टिलेटर रहेको अनुमान छ भने वाशिंगटनस्थित इन्स्टिच्युट फर हेल्थ मेटेरियल इभेल्युएशन का अनुसार नेपालमा सङ्क्रमणको दर नथामिने हो भने मई २४ सम्म दश हजार थान भेन्टिलेटर आवश्यक पर्न सक्छ ।

पहिलो कुरा त यतिको सङ्ख्यामा व्यवस्थापन नै सम्भव देखिंदैन भने यी उपकरण राख्ने ठाउँ, चलाउने जनशक्ति र अक्सिजन आपूर्तिसम्मको विचार गर्दा भय वा डरले दिमाग शून्य हुन पुग्छ । अहिलेको स्थिति सम्बन्धमा लेखिकाका एकजना चिकित्सक मित्रले आफू वा आफ्नो परिवारको कोही सङ्क्रमित भए कहाँ भर्ना भएर उपचार गराउने भन्ने डरले सधैं पिरोलिने गरेको भनाइ नै यथेष्ठ छ ।

यति भयावह स्थितिले जान्ने–बुझ्ने सबैलाई भयभीत पार्ने र डिप्रेशन हुने निश्चित छ। किनभने यसको उपचारमा प्रभावकारी मानिएको भारतीय वा रूसी खोप नेपाल आइपुग्ने अत्तोपत्तो छैन । बढ्दो रोगीहरूको चाप अस्पतालहरूले थेग्न नसक्ने भएको छ। कहीं अक्सिजन छैन, कहीं बेड छैन, कहीं जनशक्ति छैन भने सबैभन्दा लाजमर्दो समाचार देशको एक मात्र सरूवा रोग अस्पताल शुक्रराज ट्रपिकल अस्पतालले सामानको अभावमा परीक्षण बन्द गरेको छ भने देशभरि नै एन्टिजेन परीक्षण गर्ने किटको अभाव छ । विपत्को यो कस्तो व्यवस्थापन ? यो त शहरको अवस्था हो, गाउँ–देहातको हालत त झन् कहालीलाग्दो हुने नै भयो। केही पालिकाहरूले आफ्नै आइसोलेशन बनाउन सकेका छैनन् । भेरी, सेती र लुम्बिनी अस्पतालको अवस्था हामीसँग लुकेको छैन। यस्तो अवस्थामा भारतका विभिन्न सञ्चार माध्यमहरूले खुलारूपमा चिकित्सा सुविधा उपलब्ध नभएको स्थानहरूमा प्रत्यक्ष लक्षण अर्थात् ३ दिनभन्दा बढी ज्वरो, खोकी, छालामा बिमिरा, पखाला वा आँखामा कन्जक्टिभाइसजस्ता लक्षण मात्र देखा परेर श्वासप्रश्वासमा कुनै समस्या नभएको अवस्थाका लागि steroid, doxaycyclin औषधि एवं ज्वरोको लागि पारासिटामोल दिने सल्लाह सार्वजनिक गरिसकेको पाइएको छ । हुनत चिकित्सकको निगरानी र सल्लाहबाहेक यस्ता औषधि लिन नहुने मान्यता रहेको छ । त्यस मान्यताको सामना गर्दै नेपालको स्वास्थ्य अनुसन्धान परिषद् वा मेडिकल काउन्सिलजस्ता निकायले स्वास्थ्य मन्त्रालयसँग समन्वय गरी स्वास्थ्य चौकीमा रहेका मेडिकल वा पारामेडिकल स्टाफमार्फत गाउँघरमा औषधि खान सल्लाह दिने र श्वासप्रश्वासको समस्या देखिना साथ अस्पताल पठाउने व्यवस्था गर्न सकिंदैन ? भारतमा Dexameluisone, Predenisolone जस्ता औषधिहरू प्रभावकारी भएको कुरा समाचार माध्यमबाट सार्वजनिक भइरहेको छ । औषधि विज्ञानको सिद्धान्त अनुसार महामारी नियन्त्रण गर्न यस्तो सम्भव छ भने पहल गर्दा बेस होला । होइन भने जेठ १५ सम्म खोप आउने कुनै सम्भावना देखिएको छैन र शहरकै स्थिति यस्तो छ भने गाउँघरके के होला सहज अनुमान गर्न सकिन्छ। यस्तो राय दिनुपर्ने कारण वा बाध्यता के हो भने काठमाडौं विश्वविद्यालयका महामारी विशेषज्ञ डा. अर्चना श्रेष्ठका अनुसार नेपालमा कोभिड १९ को सङ्क्रमण दर विश्वमैं सबभन्दा बढी थियो, जुन अहिले दोस्रो स्थानमा पुगेको छ। पहिलो अवस्थामा भियतनाम १:२.४ मा छ भने नेपाल १:१.६ मा रहेको छ । सरल भाषामा भियतनाममा एक सङ्क्रमितले २० जनालाई रोग सार्छ भने नेपालमा १६ जनालाई । नेपालमा हाल ५१ प्रतिशतले सङ्क्रमितको सङ्ख्या बढेको छ जसको आधारमा गणना गर्दा नेपालमा प्रतिदश लाख सङ्क्रमितको सङ्ख्या ३०४ छ भने भारतमा २४० । त्यस्तै मृत्युदर पनि प्रतिदश लाख नेपालमा ३.३ र भारतमा २.५ मात्र रहेको छ। डा. श्रेष्ठका अनुसार नेपालमा पोजिटिभ देखिने दर ४५.१ प्रतिशत छ भने भारतमा २२.६ मात्र रहेको छ। नेपालको पिसिआर परीक्षण दर ०.६४ प्रतिशत छ भने भारतमा १.२७ प्रतिशत भएको छ ।

यसका साथै WHO को परीक्षण परिणाम अनुसार समग्र मृत्युदर, भेन्टिलेटरमा राखिएको समय र अस्पताल बसाइको आधारमा रेम्डिशिभिर, हाइड्रोसिक्लोरोक्वीन, लोपिनाभिर र इन्टरफेरोनहरूको उपचारमा प्रभाव शून्य छ भने भारतको DRDO ले अनुसन्धान गरी एक हप्ताभित्र बजारमा ल्याउन सकिने दाबी गरिएको 2-DG नाम दिइएको औषधि हाम्रो लागि आकाशको फलसरह नै छ । यस अवस्थामा आउँदो २–३ हप्ता नेपालको लागि कहालीलाग्दो हुनु निश्चित छ । जेठ २ गतेसम्म पनि १९–२० हजारको परीक्षण गर्दा ८–९ हजार पोजिटिभ र निको हुनेको सङ्ख्या ५–६ हजारभन्दा बढ्न नसकेको सरकारी तथ्याङ्कलाई नै आधार मान्दासमेत दैनिक सरदर तीन हजार नयाँ सङ्क्रमित हाम्रो स्वास्थ्य प्रणालीमा थपिंदैछन्। पर्सा जिल्लामा समेत नारायणी अस्पतालबाट जारी रिपोर्ट अनुसार २८८ जनामा ९५ जना सङ्क्रमित भेटिएका छन् । त्यसमा पर्सा जिल्लाका ५८ जना रहेका छन् । यति लामो निषेधाज्ञाका बावजूद सङ्क्रमण दर घट्ने कुनै लक्षण देखा नपरेको र पर्साका ग्रामीण क्षेत्रहरू खासगरी जगरनाथपुरको चीलझप्टी र पचगावाँका समाचारहरूबाट सावधान हुँदै सामान्य जान्ने–बुझ्नेले पनि अस्पताल देखाउने क्षेत्र बनेको यस समयमा आफ्नो स्वास्थ्यको आफैं रक्षा गर्न N-95 mask वा साधारण खालको दोहोरो मास्क लगाउने, हात धुने, दुई मिटरको दूरी कायम गर्नुका साथै सकेसम्म बाहिर ननिस्कने गर्नु सर्वोत्तम उपाय हुन सक्छ।

# इजरायली र प्यालेस्टिनी युद्ध कहिले रोकिएला ?

सोमनाथ लामिछाने,काठमाडौं, ४ जेठ/रासस

गत वैशाख २७ गते सोमवार इजरायलको जेरूसेलमतर्फ गाजा क्षेत्रमा सक्रिय हमास लडाकू समूहले ठूलो सङ्ख्यामा क्षेप्यास्त्र प्रहार गरे । झन्डै एक महीनादेखि जारी द्वन्द्वकै नतीजा स्वरूप पछिल्लो युद्ध शुरू भएको हो । एक महीना अघि पूर्वी जेरूसेलममा रहेका एक प्यालेस्टिनी परिवारलाई आफ्नो घर छाड्न इजरायली अधिकारीहरूले चेतावनी दिएपछि विवाद उत्पन्न भएको थियो। उक्त जमीन एक यहूदीको भएको इजरायलको भनाइ छ । जेरूसेलम इजरायली र प्यालेस्टिनी दुवै समुदायका लागि पवित्र स्थल पनि हो ।

इजरायली सेनाले प्यालेस्टिनी परिवारलाई हटाउन थालेपछि 'भूमि कब्जा गर्न खोजेको' भन्दै हमासले क्षेप्यास्त्र प्रहार गरेको थियो । यद्यपि इजरायलभित्रै बसोवास गर्ने अल्पसङ्ख्यक अरब समुदायले पनि उक्त घटनाको विरोध गर्दै प्रदर्शन गरेका थिए जुन यहूदी–अरबी हिंसामा रूपान्तरण भएको थियो।

यो घटना आगोको फिलिङ्गो साबित भयो। आफूमाथि क्षेप्यास्त्र हानेपछि निकै बलशाली इजरायल चुप लाग्ने कुरै थिएन। उसले हमासविरुद्ध आक्रामक कारबाई गर्ने चेतावनी दियो । इजरायली सेनाले क्षेप्यास्त्र प्रहार गर्ने स्थान र क्षेप्यास्त्र उत्पादन गर्ने ठाउँ, विद्रोही कमान्डरहरू, उनीहरूका घर र ठूल्ठूला अग्ला भवनलाई निशाना बनायो, जसबाट एसोसिएटेड प्रेस, अल–जजिरा टिभी जस्ता सञ्चार गृह रहेको टावर भवन पनि ढलेको छ । इजरायलतर्फ लुकीछिपी प्रवेश गर्न हमासले बनाएका भूमिगत सुरुङहरू ध्वस्त पार्नु पनि इजरायलको उद्देश्य रहेको सेनाको भनाइ छ ।

हिंसात्मक कारबाई तीव्र भएसँगै नयाँ प्यालेस्टिनी 'इन्तिफादा' अर्थात विद्रोह हुने सम्भावना बढेको छ। सन् १९४८ मा इजरायल स्थापना हुने क्रममा झन्डै सात लाख प्यालेस्टिनी विस्थापित भएको दिनको सम्झना पनि गत शनिवार परेको थियो। इजरायल–प्यालेस्टिनका विषयमा छलफल गर्न राष्ट्रसङ्घीय सुरक्षा परिषद्को आइतवार बसेको बैठक पनि कुनै निर्णयमा नपुगी टुङ्गिएको छ ।



इजरायलको आक्रमणबाट क्षतिग्रस्त गाजा शहरको दृश्य। तस्वीरः रायटर्स

इजरायलमाथि दबाब दिने उद्देश्यले राष्ट्रसङ्घ सुरक्षा परिषद्बाट वक्तव्य जारी गर्ने चीन, नर्वे र ट्युनिसियाको प्रयासलाई संयुक्तराज्य अमेरिकाले रोकिदिएको छ । तर अमेरिकाले इजरायली आक्रमणप्रति चिन्ता व्यक्त गर्दै सावधान हुन आग्रह गरेको छ । इजरायलले भने आफ्नो सम्प्रभू र आत्मरक्षा गर्न पाउने अधिकार रहेको जनाएको छ । उता, इजिप्टको एक वर्षसम्म शान्ति कायम राख्ने प्रस्तावलाई हमासले स्वीकार गरे पनि इजरायलले अस्वीकार गरेको छ।

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# अन्तर्राष्ट्रिय समाचार

## डब्लुएचओ प्रमुख भन्छन्- विश्व नै खोप विभेदको जोखिममा छ

पेरिस, ४ जेठ/एएनआई/

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)



महानिर्देशक टेड्रोस अधानोम घेब्रेसस । तस्वीरः गेट्टी इमेज

का महानिर्देशक टेड्रोस अधानोम घेब्रेससले धनी राष्ट्रहरू र मध्य एवं न्यून आय भएका मुलुकबीच कोभिड-१९ विरुद्ध खोप वितरणमा व्यापक असमानता रहेको बताएका छन् । उनले सोमवार भने- पछिल्लो अवस्था हेर्दा विश्वमा खोप वितरणमा तीव्र विभेद छ ।

पेरिस पिस फोरममा सम्बोधन गर्दै महासचिव घेब्रेससले भने- "मेरो विचारमा विश्व नै खोप विभेदको जोखिममा छ, र यो रङ्गभेदी छ । तपाईंलाई थाहै छ, उच्च आय भएका मुलुकहरूको जनसङ्ख्या विश्व जनसङ्ख्याको करीब १५ प्रतिशत छ, तर विश्वमा उत्पादित खोपको झन्डै ४५ प्रतिशत त्यहीं छ । न्यून र न्यून-मध्यम आय भएका मुलुकहरूमा विश्वको झन्डै आधा जनसङ्ख्या छ, तर खोप भने १७ प्रतिशत मात्र उपलब्ध छ । खोप वितरणमा ज्यादै ठूलो अन्तर प्रस्टै देखिएको छ ।"

उनले विश्वका १२४ वटा देशमा करीब ६३ लाख डोज खोप पठाइएको छ, तर यो खोप ती देशको कुल जनसङ्ख्याको ०.५ प्रतिशत मात्र रहेको बताए ।

खोप वितरणमा देखिएको यस किसिमको असमानता हटाउन लगानी बढाउनुपर्ने, कोभाक्समा खोप उपलब्ध हुनुपर्ने तथा खोपको उत्पादन बढाउन प्रविधि हस्तान्तरण गर्न उनले जोड दिए ।

महासचिव घेब्रेससले भने- "कतिपय उच्च आय भएका मुलुकहरूले आफ्ना बालबालिका र किशोरकिशोरीलाई खोप दिन थालिसकेका छन्, जबकि विश्वका धेरै देशमा अग्रपङ्क्तिमा काम गर्ने स्वास्थ्यकर्मी, ज्येष्ठ नागरिक र अन्य जोखिम समूहमा रहेका व्यक्तिले खोप लगाउनै पाएका छैनन् ।"

यसअघि अमेरिकी राष्ट्रपति जो बाइडेनले सोमवार आगामी छ हप्ताभित्रै आफूसँग रहेको आठ करोड डोज खोप उपलब्ध गराउने घोषणा गरेका थिए ।

राष्ट्रपति बाइडेनले भने- "आज, विश्वलाई नै मदत गर्न हामी नयाँ उपाय अवलम्बन गर्दैछौं । विश्वभर कोरोना भाइरस नियन्त्रणमा नआउँदासम्म हामी महामारीबाट सुरक्षित भइहाल्ने अवस्था छैन । जतिसुकै अग्लो पर्खाल वा जतिसुकै फराकिलो समुद्रले पनि हामीलाई सुरक्षित राख्न सक्दैन ।" रासस

## भारतमा कोभिड-१९ का दैनिक सङ्क्रमितको सङ्ख्या घट्दै

नयाँ दिल्ली, ४ जेठ/सिन्हवा

कोरोना भाइरस महामारीको दोस्रो लहरबाट ठूलो क्षति बेहोरिरहेको भारतमा विगत २४ घण्टामा सङ्क्रमित हुनेको सङ्ख्या घटेको पाइएको छ । सोमवार त्यहाँ २ लाख ८१ हजार ३६८ जना सङ्क्रमित थपिएकामा आज मङ्गलवार त्यसमा केही कमी आएको छ ।

गएको २४ घण्टायता मङ्गलवार बिहान प्राप्त भएको समाचारमा भारतमा कोरोना सङ्क्रमितको सङ्ख्या २ लाख ६३ हजारजना मात्र पाइएको बताइएको छ । यो सङ्ख्या गत अप्रिल २१ तारिखपछिकै सबैभन्दा कम भएको भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलवार जनाएको छ ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार विगत २४ घण्टामा दुई लाख ६३ हजार ५३३ जना नयाँ सङ्क्रमित भेटिएका हुन् । सो मन्त्रालयले यहाँ अघिल्लो अप्रिल महीनाको तुलनामा हरेक दिन सङ्क्रमितहरूको सङ्ख्या घट्दै गएको देखिएको हो । अघिल्लो महीना यहाँ दैनिक कम्तीमा पनि ४ लाख मानिसमा सङ्क्रमण देखिने गरेको थियो । त्यसैगरी, यहाँका स्वास्थ्य अधिकारीहरूले दिएको जानकारीमा गएको २४ घण्टायता यहाँका ४ हजार ३२९ जनाको कारोना सङ्क्रमणबाट मृत्यु भएको छ ।

मङ्गलवार सार्वजनिक भएको यो तथ्याङ्कसँगै भारतमा कोरोना भाइरसको सङ्क्रमणबाट अहिलेसम्म २ लाख ७८ हजार ७१९ जनाको ज्यान गएको पनि बताइएको छ । मन्त्रालयका अनुसार कोभिड-१९ सङ्क्रमितको कुल सङ्ख्या दुई करोड ५२ लाख २८ हजार ९२९ पुगेको छ ।

सङ्क्रमित व्यक्तिको सङ्ख्या बढी देखिए पनि देशव्यापी लकडाउन नगरेको भारतका कतिपय शहरमा भने लकडाउन लगाइएको छ । रासस

## चक्रवातमा परी मुम्बईमा १२७ जना हराए

नयाँ दिल्ली, ४ जेठ/सिन्हवा

भारतीय शहर मुम्बईमा चक्रवातमा परी १२७ जना हराइरहेको बताइएको छ । मङ्गलवार ती व्यक्ति हराइरहेका बताइएको हो । मुम्बईको समुद्रमा आएको टाउकटी नामक चक्रवातका कारण हिन्द महासागरमा रहेको एक ठूलो डुङ्गा डुब्न पुगेको हो । त्यसमा परी कम्तीमा पनि १२७ जना व्यक्ति हराएका बताइएको छ । सो डुङ्गामा २७३ जना यात्री रहेका भारतीय जल सैनिक सङ्गठनले जनाएको छ । भारतीय जल सैनिकका प्रवक्ताले एक विज्ञप्ति प्रकाशन गरेर दिएको जानकारीमा जल सैनिकले १४६ जनाको सकुशल उद्धार गरेर निकालेको थियो ।

सो डुङ्गामा रहेका अरू १२७ जना अहिले पनि हराइरहेका बताइएको छ । उनीहरूको खोजी कार्य जारी रहेको बताइएको छ । मुम्बई हाइटको समुद्रमा सो डुङ्गा रहेका बेलामा मङ्गलवार टाउकटी नामक चक्रवातले सो क्षेत्रलाई प्रभावित पारेको थियो ।

मङ्गलवार प्रतिघण्टा १८५ किलोमिटरका दरले सो चक्रवात आएको थियो । त्यो चक्रवातले भारतका अरू क्षेत्रमा पनि ठूलो असर गरेको छ । भारतको गुजरातको सामुद्रिक किनारनजीकै पनि यसले प्रभावित बनाएको छ । कतै यस चक्रवातका कारण पहिरोसमेत गएको पनि भारतीय अधिकारीहरूले जानकारी दिएका छन् । रासस

## जापानको जिडिपी ४.६ प्रतिशतले खुम्चियो

टोकियो, ४ जेठ/सिन्हवा

जापानको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) सन् २०२० मा ४.६ प्रतिशतले खुम्चिएको छ ।




सन् १९५५ यता एक आर्थिक वर्षमा यति ठूलो मात्रामा जिडिपीमा कमी आएको पहिलोपटक भएको जापानी तथ्याङ्क विभागले जनाएको छ । सन् २००८ को विश्वव्यापी आर्थिक सङ्कटका क्रममा जापानको अर्थतन्त्र ३.६ प्रतिशतले सङ्कुचित भएको थियो ।

साथै यस वर्ष सन् २०२१ को जनवरीदेखि मार्चको तीन महीनाको अवधिमा पनि अघिल्लो वर्षको सोही अवधिको तुलनामा देशको अर्थतन्त्र ५.१ प्रतिशतले घटेको छ । जापानको प्रधानमन्त्री कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक प्रतिवेदनमा कोरोना भाइरस सङ्क्रमण रोक्न सरकारले ल्याएको आपत्कालीन उपायहरूका कारण अर्थतन्त्रमा मन्दी आएको उल्लेख छ । गत वर्ष नोभेम्बरदेखि कोभिड-१९ को सङ्क्रमण बढेसँगै सरकारले टोकियो महानगर क्षेत्रमा जनवरीको शुरूतिर आपत्कालीन स्थितिको घोषणा गरेको थियो । तर मार्चको अन्त्यतिर प्रतिबन्ध हटाउनुअघि जापानमा टोकियोसहित ४७ वटा प्रिफेक्चरमा आपत्काल लगाइएको थियो ।

आपत्कालका दिनहरूमा मानिसलाई घरभित्रै बस्न ताथ रेस्टुराँ र बारहरू खुल्ने समय छोट्याइएको थियो, जसबाट निजी उपभोगमा १.४ प्रतिशतले गिरावट आएको थियो ।

सन् २०२० को दोस्रो त्रैमासिक अवधिमा तीव्ररूपमा गिरावट आएको जिडिपीमा अक्टोबर-डिसेम्बरको अवधिमा अर्थतन्त्र पुनः पुरानै लयमा फर्किएको थियो । यस अवधिमा जापानको उपभोग र निर्यात दुवै बढेको थियो ।

केही विश्लेषकका भनाइमा कोभिड-१९ को आपत्काल घोषणाका कारण जापानको अर्थतन्त्र चालू अप्रिल-जून अवधिमा पनि केही खुम्चिनेछ । जापानमा कोभिड-१९ को खोप लगाउने दर पनि विकसित मुलुकहरूको दाँजोमा न्यून रहेको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष — मित्रमिलन | वृष — उदरपीडा |
| मिथुन — विजय | कर्कट — धनलाभ |
| सिंह — भाग्योदय | कन्या — बेचैनी |
| तुला — मनोरञ्जन | वृश्चिक — कर्मप्राप्ति |
| धनु — प्रगति | मकर — वादविवाद |
| कुम्भ — यात्रालाभ | मीन — कडापरिश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## अक्सिजन ग्यास सिलिन्डरको उत्पादन परीक्षण

ललितपुर, ४ जेठ/रासस

नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट)ले नेपालमा पहिलोपटक अक्सिजन ग्यास सिलिन्डरको उत्पादन परीक्षण गरेको छ । कोभिडको महामारी फैलिएको र अक्सिजन सिलिन्डरको चरम अभाव भइरहेको बेला नयाँ सिलिन्डर निर्माण गरी परीक्षण गरिएको हो । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठले सिलिन्डर परीक्षणको शुभारम्भ गरेका थिए ।

नास्टको वैज्ञानिकसँग भएको भेटको क्रममा मन्त्री श्रेष्ठले सिलिन्डर उत्पादन गर्न सक्ने अवस्थाबारे जानकारी लिए लगत्तै नास्टले सफल परीक्षण गरेको हो । अब नेपालले प्रेसर धान्न सक्ने सिलिन्डर उत्पादन गर्न विभिन्न कम्पनीलाई अनुमति दिनेछ । नास्टका प्रविधि सङ्काय प्रमुख डा रवीन्द्र ढकालले प्रेसर धान्न सक्ने सिलिन्डर तयार भएको जानकारी दिए । उनले भने- सुरक्षाको अन्तिम उपाय अवलम्बन गर्न बाँकी छ, केही दिनमा सिलिन्डर उत्पादन गर्ने कम्पनीसँग छलफल गरी व्यावयासिक उत्पादन गर्न अनुमति दिनेछौं ।

उनका अनुसार नेपालमा पाइने सिलिन्डरको न्यूनतम मूल्य करीब रु १५ हजार पर्नेछ भने नास्टको प्रविधि प्रयोग भएको सिलिन्डरको करीब रु १० हजारभन्दा कम मूल्य पर्नेछ । परीक्षण अवलोकन गर्न नास्टको मुख्यालय पुगेका मन्त्री श्रेष्ठले नास्टका उपकुलपति डा सुनीलबाबू श्रेष्ठ, वैज्ञानिक शङ्कर ढकालगायत सबै टीमलाई धन्यवाद दिएका थिए ।

उनले भने- नेपालका वैज्ञानिकको मेहेनतको कारण गएको कोभिड सङ्क्रमण नियन्त्रण गर्न स्वाब कलेक्सन भ्यान, सेनिटाइजर, धुन मिल्ने मास्क निर्माण गरेर कोभिड नियन्त्रणमा महत्त्वपूर्ण योगदान गर्नुभयो । अब सिलिन्डर तयार गरेर कोरोना सङ्क्रमितको प्राणवायु अक्सिजन भर्ने सिलिन्डर निर्माण गर्ने प्रविधिको सफल परीक्षण गरेर महत्त्वपूर्ण काम गर्नुभएको छ ।

उनले अक्सिजन बनाउन प्रयोग हुने जियोलाइटको अभावपूर्ति गर्न सरकार गम्भीररूपमा लाग्ने बताए । मन्त्री श्रेष्ठले नास्टले अझै धेरै आविष्कार गर्न बाँकी रहेको बताउँदै त्यसको लागि सरकारको पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । सफल परीक्षण भएको सिलिन्डर वैज्ञानिक शङ्कर ढकालको समूहले तयार गरेको हो ।

सो सिलिन्डरमा ग्यास सिलिन्डरमा ग्यासको दबाब २२५ बारसम्म भए सुरक्षित रहन्छ । परीक्षण गर्दा ग्यासको दबाब २३५ बारसम्म पुगेपछि सिलिन्डरमा जोडिएको पाइपमा सामान्य समस्या आएको थियो । त्यसैले अन्तिम परीक्षण गर्न बाँकी रहेको हो -प्रविधि सङ्काय प्रमुख रवीन्द्र ढकालले भने ।

नास्टका वैज्ञानिकले नेपालमा यस्तो सिलिन्डर निर्माण हुने गरेको छैन भने आयातित सिलिन्डरको गुणस्तर परीक्षणसमेत हुने गरेको छैन ।

मन्त्री श्रेष्ठले ठूला अस्पतालमा अक्सिजन उत्पादन प्लान्ट नहुनु विडम्बना भएको बताउँदै भने- "विगतमा अस्पताल सञ्चालन अनुमति दिंदा अक्सिजन प्लान्टको व्यवस्था अस्पतालभित्र अनिवार्य हुनुपर्ने नियम बनाइएको भए आज अभावको समस्या भोग्नुपर्ने थिएन ।

उनले अस्पताललाई आवश्यक पर्ने अक्सिजन अन्य निकायमा बढी खपत भएको कारण समस्या बढेको बताउँदै भने- अब सबै निकायबाट अक्सिजन सिलिन्डर ल्याएका छौं, अब समस्याको समाधान हुँदै जानेछ ।

नास्टका उपकुलपति डा सुनीलबाबू श्रेष्ठले नास्टले स्वाब परीक्षण गर्न मोबाइल भ्यान तयार गरी सुरक्षाका तीनवटै निकायलाई हस्तान्तरण गरेको बताए । उनले नास्टले कोभिड नियन्त्रणमा महत्त्वपूर्ण काम गरिरहेको दाबी गर्दै भविष्यमा अन्य कार्य अघि बढाइने जानकारी दिए ।

# फरक समाचार

## कोभिडबाट निको भएकाले यी खानेकुरा परहेज गरौं

घरमैं बसेर धेरैजसो कोभिड-१९ सङ्क्रमित निको भइरहेका छन् । चिकित्सक अनुसार कोभिडबाट चाँडै निको हुन औषधि र मल्टिभिटामिनका साथसाथै



आहार पनि स्वस्थ हुनुपर्छ । सङ्क्रमणको कारण प्रतिरक्षा प्रणाली कमजोर हुन्छ र सन्तुलित र पौष्टिक आहारले चाँडै निको गर्न मदत गर्छ । नेशनल हेल्थ सर्भिस युके अनुसार कोरोना भाइरसबाट ठीक भएका व्यक्तिको रिकभरी प्रक्रियालाई तीव्र गर्न र इम्युनिटी पुनर्निर्माणको लागि पर्याप्त मात्रामा प्रोटिन, भिटामिन र खनिजको आवश्यकता हुन्छ ।

पोषण विशेषज्ञ नाजनीन हुसेनका अनुसार पोस्ट कोभिड रिकभरीको लागि पोषक तत्त्वले भरिपूर्ण सन्तुलित आहार सेवन गर्नुपर्छ । यसको लागि भोजनमा साबुत अन्न, फल-हरियो तरकारी सेवन गर्नुपर्छ । थकानलाई कम गर्न र पुनः ताकत पाउन डेयरी उत्पादन, प्रोटिन जस्तै अन्डा, माछा, मासु प्रतिदिन सेवन गर्नुपर्छ ।

**बिहानको खाजाः** आहार विशेषज्ञका अनुसार रोगीले बिहान ६-७ वटा भिजेको बदाम, २-३ वटा साबुत ओखर (अखरोट), ५-६ वटा किसमिस खानुपर्छ । त्यसपछि अदुवा र तुलसीको पातको काढा पिउनुपर्छ । त्यसको केही समयपछि एक-दुईवटा काँचो लसुन चपाउनुपर्छ । बेसन/दाल/पालुङ्गोबाट बनेका वस्तु, अन्डा, अमलेट पनि खान सकिन्छ । एक घण्टापछि आफूलाई मनपर्ने फल (किवी, मेवा, अनारस) अवश्य सेवन गर्नुपर्छ ।

**दिउँसो र रातिको खानाः** विज्ञ अनुसार भोजन सदैव मल्टिग्रेन पीठोबाट बनेको रोटी खानुपर्छ । यसको अलावा दिउँसोको खानामा एक कचौरा ताजा दही खानुपर्छ । लन्चपछि खजूर दुईवटा खान सकिन्छ । रातिको खाना सदैव हलुका हुनुपर्छ । यसैले मुङको दालको खिचडी, मौसमी तरकारी खान सकिन्छ । खानापछि एक गिलास बेसार मिसाएको दूध अवश्य पिउनुपर्छ ।

**क्यालोरी र प्रोटीनको मात्रा बढाऔं:** आहार विशेषज्ञका अनुसार सङ्क्रमणसँग लड्न बढी ऊर्जा खर्च हुन्छ, जसको कारण पोस्ट कोभिडले निकै थकान अनुभव गराउँछ । यसको लागि आहारमा क्यालोरी र प्रोटीनको भरिपूर्ण खाद्य पदार्थ आवश्यक पर्छ । साबुत अन्न जस्तैः कोदो (बाजरा), जौ, चामल, आलु र शखरखण्डबाट क्यालोरी र दुग्ध उत्पादन, सोया, नट्स, मासु-माछा र अन्डाबाट पनि राम्रो प्रोटीन प्राप्त गर्न सकिन्छ ।

**यी खानेकुरा परहेज गरौं:** आहार विशेषज्ञ नाजनीन भन्छिन्- कोभिडबाट निको भएपछि केही दिनसम्म फलको जूस, चिनी, मह र भारी भोजनबाट पहरेज गर्नुपर्छ किनभने यसबाट सास फेर्न समस्या हुन्छ । त्यस्तै मादक पदार्थ जस्तैः रक्सी, धुम्रपान आदि सेवन गर्नुहुँदैन, यसले रिकभरी प्रक्रिया प्रभावित गर्छ ।

## कोभिशिल्डको प्रतिकूल प्रभाव

ब्रिटेनलगायत केही देशमा जस्तै अब भारतमा पनि कोभिशिल्ड खोप लिएपछि रक्तस्राव र रगतको थक्का जमेको घटना प्रकाशमा आएका छन् । खोपको प्रतिकूल प्रभावलाई लिएर गठित राष्ट्रिय समितिले यसको पुष्टि गरेको छ ।



भारतको स्वास्थ्य मन्त्रालयले हेल्थकेयर वर्कर्स र खोप लिनेहरूको लागि खोपको साइड इफेक्टलाई लिएर सुझाव जारी गरेको छ । सुझावमा अपील गरिएको छ- खोप लिएपछि २० दिनभित्र ब्लड क्लट्स अर्थात् रगतको थक्का जम्ने लक्षणको पहिचान गर्नुपर्छ र यदि कुनै गम्भीर लक्षण देखिएमा खोपकेन्द्रमा गएर त्यसबारे जानकारी गराउनुपर्छ ।

सुझावमा भनिएको छ, यदि खोप (विशेषगरी कोभिशिल्ड) लिएपछि शरीर सुन्निने, छाती दुख्ने, बान्ता नभई पेटमा तीव्र दुखाइ, तीव्र टाउको दुख्ने र सास फेर्न समस्या जस्ता गम्भीर लक्षण देखिएका छन् भने खोपकेन्द्रमा गएर त्यसको रिपोर्ट गर्नुपर्छ ।

यदि खोप लगाएको ठाउँको अलावा अन्य कुनै भागमा रातो रङको दाग देखिन्छ भने सतर्क हुनुपर्छ, यो ब्लड क्लट्सको लक्षण पनि हुन सक्छ । यसको अलावा यदि तपाईंलाई माइग्रेनको समस्या छैन र टाउको दुखिरहेको छ भने खोपकेन्द्रमा गएर यसबारे जानकारी गराउनुपर्छ ।

कोरोना खोप लगाएपछि यदि तपाईंलाई कमजोरी भइरहेको छ, विनाकारण बान्ता हुने, आँखा दुख्ने, धमिलो देखिने, शरीरको कुनै अङ्गले काम गर्न बन्द गर्ने जस्ता समस्या निकै गम्भीर हुन्, यसबारे खोपकेन्द्रमा स्वास्थ्यकर्मीलाई जानकारी दिनुपर्छ । खोपको प्रतिकूल प्रभावलाई लिएर गठित राष्ट्रिय समितिले भनेको छ- भारतमा ब्लड क्लटको निकै कम मामिला कोभिशिल्ड खोपसँग सम्बन्धित हुन सक्छ । समिति अनुसार भारतमा कोभिशिल्ड खोपको प्रति १० लाख खुराकमा रगतको थक्का जमेको केवल ०.६१ वटा मामिला मात्र देखिएको छ ।

सुझावमा वैज्ञानिक अध्ययनले भनेको छ- खोप लिएपछि रगतको थक्का जम्ने खतरा युरोपेली मूलका व्यक्तिको तुलनामा दक्षिण र दक्षिण पूर्व एशियाली मूलका व्यक्तिमा ७० प्रतिशत कम छ । राष्ट्रिय एइएफआई समितिका अनुसार कोभ्याक्सिन खोप लगाएपछि रगतको थक्का जमेको मामिला अहिलेसम्म दर्ज भएको छैन ।

- प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# क्याटद्वारा प्रजिअको ध्यानाकर्षण

प्रस, विन्दवासिनी, ४ जेठ/

प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेले कोभिड एक्सन टीमसँग सहकार्य गरेर अगाडि बढ्ने बताएका छन् ।




टीमका अध्यक्ष जिसस पर्साका सभापति नेकमहमद अन्सारीको नेतृत्वमा मङ्गलवार पर्साका प्रजिअ घिमिरेसँगको छलफलमा प्रजिअ घिमिरेले क्याट र स्थानीय प्रशासनको एउटै लक्ष्य कोरोनाविरुद्धको अभियान भएकोले सहकार्य गरी अगाडि बढ्ने आश्वासन दिएका हुन् ।

क्याटका अध्यक्ष अन्सारीले वीरगंजका अस्पतालहरूमा अक्सिजनको अभाव हुन सक्ने सङ्केत गर्दै सोसम्बन्धी व्यवस्थापन सहज बनाउन आग्रह गरेको क्याटका तबरेज अहमदले बताए ।

सो अवसरमा क्याटले आइतवार र सोमवार वीरगंजका अस्पतालमा गरेको अनुगमन र त्यहाँ देखिएका समस्याहरूको बारेमा पनि प्रजिअको ध्यानाकर्षण गराइएको थियो ।

अध्यक्ष अन्सारीले अवसरमा नागरिकको गुनासो समेटेर तयार पारिएको सुझावपत्र पनि प्रजिअलाई बुझाएका थिए ।

छलफलमा क्याटका सदस्यहरू श्याम पटेल, बाबुराम कौशिक, सञ्जीव मिश्र, अमित अग्रवालसमेतको सहभागिता थियो ।

# मौसममा पश्चिमी न्यून चापीय प्रणाली र चक्रवातको प्रभाव

काठमाडौं, ४ जेठ/रासस

हाल देशमा पश्चिमी न्यून चापीय प्रणाली तथा पूर्वीमध्य अरब सागरमा रहेको अति शक्तिशाली चक्रवात 'ताउ–ते' को प्रभाव देखिएको छ ।

हाल पूर्वी–मध्य अरब सागरमा रहेको शक्तिशाली चक्रवात 'ताउ–ते' उत्तर, उत्तर–पश्चिम हुँदै गुजराततिर बढ्ने क्रममा रहेको छ ।

यस चक्रवातको प्रत्यक्ष प्रभाव नेपालमा नपरे तापनि केही असर नेपालको भूभागमा पनि पर्ने जल तथा मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

सो प्रणालीका कारण आज देशभर मौसम सामान्यदेखि पूर्ण बदली रहने छ। कर्णाली र सुदूर पश्चिम प्रदेशका थोरै स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ भने उच्च हिमाली भूभागका केही स्थानमा हल्कादेखि मध्यम हिमपात/वर्षाको सम्भावना छ ।

त्यस्तै बुधवार पनि कर्णाली, सुदूरपश्चिम, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका पहाडी भूभागका केही स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

उच्च हिमाली भूभागका केही स्थानमा हल्कादेखि मध्यम हिमपात/वर्षाको सम्भावना रहेको महाशाखाले आज बुलेटिनमार्फत जनाएको छ ।

बिहीवार कर्णाली, सुदूरपश्चिम, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा र थोरै स्थानहरूमा भारी वर्षा तथा कर्णाली र सुदूरपश्चिम प्रदेशको केही स्थानमा अति भारी वर्षाको समेत सम्भावना रहेको छ ।

उच्च हिमाली भूभागका धेरै स्थानहरूमा हल्कादेखि मध्यम हिमपात/वर्षा र कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा भारी हिमपातको सम्भावना रहेको महाशाखाको अनुमान छ ।

# गरुडा नपाका वडाध्यक्षको मृत्यु

प्रस, गरुडा, ४ जेठ/

रौतहटको गरुडा नगरपालिका–७ का अध्यक्ष रामईश्वर राय यादवको मृत्यु भएको छ ।

उपचारको क्रममा ५५ वर्षीय वडाध्यक्ष यादवको काठमाडौंस्थित ग्रान्डी अस्पतालमा हिजो राति मृत्यु भएको हो । वडाध्यक्ष यादवलाई लामो समयदेखि स्वास्थ्यमा समस्या देखिएको थियो । मुख्यरूपमा श्वासप्रश्वास समस्यासित जुधिरहेका यादवमा कोरोना सङ्क्रमण भने नदेखिएको परिवारजनले बताएका छन् ।

दुई हप्ताभन्दा बढी समयदेखि वडाध्यक्ष यादवको स्वास्थ्य समस्या जटिल भएको थियो ।

वडाध्यक्ष यादवको निधनप्रति गरुडा नगरपालिकाले शोक प्रकट गरेको छ ।



नेपाली काङ्ग्रेसबाट निर्वाचित वडाध्यक्ष यादवको पार्थिव शरीरमा नेका रौतहटका उपसभापति सुनील यादवले पार्टीको झन्डा ओढाइ सम्मान गरेका थिए । उनको अन्तिम संस्कार आज गरिएको छ ।




# हिरासतमा रहेका देवानले घरमा इद मनाए

प्रस, बिरुवागुठी, ४ जेठ/

सालको गुलिया काठसहित पक्राउ परेका पोखरिया नगरपालिका–९ सिमरबारीका हस्मोद्दीन देवानलाई वनकर्मीले इद मनाउनका लागि गोप्यरूपमा छाडेर पुनः नियन्त्रणमा लिएको समाचार छ ।

देवानलाई वैशाख २४ गते दुई थान सालको गुलिया काठसहित सबडिभिजन वन कार्यालय बडनिहारले पक्राउ गरेको थियो ।

वैशाख ३१ गते शुक्रवार मुस्लिम समुदायको इद पर्व परेको कारण पक्राउ परेका देवानलाई वैशाख ३० गते छाडिएको र उनी इद मनाएर आफैं जेठ १ गते शनिवार थुनामा आएको एकजना कर्मचारीले बताए । देवान यस क्षेत्रमा पेशेवर काठ तस्करको रूपमा चिनिन्छन् ।

यसबारे सबडिभिजन कार्यालय बडनिहारका कमान्डर रामाशिषप्रसाद कुर्मीसँग बुझ्दा उनले घटनाको ढाकछोप गर्दै आफूलाई थाहा नभएको प्रतिक्रिया दिए ।

तर अर्का एकजना वनकर्मीले भने बिहीवार र शनिवार हाजिर हुन आउने शर्तमा छाडिएको दाबी गरेका छन् ।

# मलको विषयलाई लिएर विवाद

प्रस, पंचगावाँ, ४ वैशाख/

सखुवाप्रसौनी गाउँपालिका–४ देउरवानामा मलको विषयलाई लिएर विवाद भएको समाचार छ ।

स्थानीय बेराहिम देवानले सोही वडामा रहेको फिजा कृषि सहकारी संस्थाले मल, बीउबिजन बढी मूल्यमा बिक्री गर्दा भनाभन परेको बताए । उनले आफूले डिएपी, युरिया र धानको बीउको मोल सोध्दा संस्थाका जुल्फाकार अन्सारीले बढी मूल्य मागेको तर बिल माग गर्दा नदिएपछि भनाभन परेको बताए। उनले खरीद गरेको सामानको बिल नदिनुले मलखाद र बीउमा बढी मूल्य लिएको आरोप लगाए। उनले फिजा कृषि सहकारी संस्थाले डिएपी रु २३५०, युरिया रु ९०० र धानको बीउ प्रतिबोरा रु २८०० बताएको तर बिल दिन नमानेको आरोप लगाए ।

फिजा कृषि सहकारी संस्थाका जुल्फाकार अन्सारीले भने आरोपितले आफ्नो संस्थाबाट सामान खरीद नगरेको बताए ।

गापा उपाध्यक्ष फूलमतीदेवी चौधरीले यसबारे गुनासो आएको र सोबारे बुझेर कारबाई प्रक्रिया अगाडि बढाउने बताइन् ।

# रोटरीद्वारा महानगरलाई दश लाख मूल्यको सामग्री हस्तान्तरण

प्रस, वीरगंज, ४ जेठ/

रोटरी क्लब अफ वीरगंजले वीरगंज महानगरपालिकालाई करीब दश लाख मूल्यबराबरको स्वास्थ्य सामग्री सहयोग गरेको छ ।

रोटरीका सचिव सोहन पोद्दारले पाँच थान अक्सिजन कन्सेनट्रेटर्स, तीन सय थान डाक्टर गाउन, तीन थान सुई नष्ट गर्ने विद्युतीय मेशिन, स्लाइनपानी झुन्ड्याउने स्टेन्ड पाँच थान र एक थान हाइफ्लो अक्सिजन क्यानुला मेशिन नगरप्रमुख विजयकुमार सरावगीलाई हस्तान्तरण गरेको रोटरीका अध्यक्ष अरबिन्द खेतानले बताए। सो अवसरमा एमाले नेता सुन्दर कुर्मीलगायतको सहभागिता थियो ।




# प्रहरीलाई स्वास्थ्य सामग्री सहयोग

प्रस, पोखरिया, ४ जेठ/

पोखरिया नगरपालिका–९ का स्थानीय युवा गोलु आलमले प्रहरीलाई स्वास्थ्य सामग्री सहयोग गरेका छन् ।

आलमले पाँच सय थान डिस्पोजेबल मास्क, सेनिटाइजर, दश थान फेसशिल्ड र के ९५ मास्क दश थान इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक दीपककुमार सिंहलाई हस्तान्तरण गरेका हुन् ।




# पोखरियामा १२ जना सङ्क्रमित

प्रस, पोखरिया, ४ जेठ/

पोखरिया नगरपालिकामा १२ जना सङ्क्रमित छन् ।

एकजना सुरक्षाकर्मीसहित पोखरिया नगरपालिकामा १२ जना सङ्क्रमित रहेको जिल्ला अस्पताल पोखरियाले पुष्टि गरेको छ । अहिले अस्पतालमा चारजना सङ्क्रमित भर्ना छन् । ६ जना भर्ना भएकामा दुईजनाको पोखरियामा उपचार सम्भव नभएपछि वीरगंज रेफर गरिएको थियो। यसैगरी, चारजना सङ्क्रमित होम आइसोलेशनमा छन् ।

## इजरायली र प्यालेस्टिनी.....

शनिवार भएको यस्तै हमलामा मोहम्मद अबु हताबले ठूलो पारिवारिक क्षति बेहोर्नुपरेको थियो । उनले भने– "इद मनाउन आफन्तकोमा गएकी पत्नी र छदेखि १४ वर्ष उमेरका तीन बालबच्चाको मृत्यु भयो । ११ वर्षको एउटा बच्चा हराइरहेको छ । एउटा पाँच महीनाको छोरा ओमार मात्र बाँचेको छ ।" यो त प्रतिनिधि घटना मात्र हो । गाजामा यस्ता पीडादायी घटना दिनहुँ भइरहेका छन् । यसपटकको आक्रमण सन् २०१४ को भन्दा विनाशकारी रहेको दुवै युद्ध देखेका गाजामा आपत्कालीन सेवामा सक्रिय समिर अल–खातिबले बताएका छन्। यस पटकको आक्रमणबाट जोगिन झन्डै ३४ हजार प्यालेस्टिनीले आफ्नो घर छोडेका राष्ट्रसङ्घीय कूटनीतिज्ञ टोर वेनेसल्यान्डले राष्ट्रसङ्घीय सुरक्षा परिषद्लाई जानकारी गराएका छन् ।

सन् २०१४ मा पनि हमास र इजरायलबीच भएको द्वन्द्वमा इजरायलले गाजामा भीषण कारबाई गरेको थियो। सात हप्ता चलेको त्यस युद्धमा झन्डै दुई हजार २०० प्यालेस्टिनीको मृत्यु भएको थियो जसमा एकतिहाई बालबालिका र महिला थिए । दुवै पक्षबीच युद्धविराम गराउन करीब तीन महीना लागेको थियो। त्यतिबेला पनि प्रधानमन्त्री रहेका बेन्जामिन नेतन्याहूले हालको युद्ध रोकिन केही समय लाग्ने चेतावनी दिएका छन्। त्यसैले तत्कालै युद्धविराम हुने सम्भावना निकै झिनो छ । करीब पाँच माइल चौडा र २५ माइल लम्बाइमा फैलिएको गाजापट्टीमा करीब २० लाख प्यालेस्टिनीको बसोवास छ ।

दुई वर्षका अवधिमा चारपटक संसद्को चुनाव भएपनि बहुमत ल्याउन असफल भएका प्रधानमन्त्री नेतन्याहूले सम्भवतः चाँडै हुने अर्को चुनावमा आफू पुनः उदय हुने योजना बनाइरहेको आशङ्का गर्न सकिन्छ। प्रधानमन्त्रीको पूर्ण आदेश पाएको इजरायली सेनाले आइतवार ५४ वटा लडाकू विमान प्रयोग गरी गाजाका ३५ ठाउँमा बम हमला गरेको थियो । सेनाको भनाइमा यी हमलाहरू खासगरी हमास र इस्लामिक लडाकूविरुद्ध केन्द्रित छन् तर यी आक्रमणमा मारिनेहरू ज्यादातर महिला, बालबालिका र अरू सर्वसाधारण छन् । केही लडाकू पनि मारिएको खबर सार्वजनिक भएको छ।

इजरायली आक्रमणको प्रतिरोध गरिरहेका हमास लडाकूहरूले दक्षिणी इजरायली भूमिमा लगातार क्षेप्यास्त्र प्रहार गरेर परिस्थितिलाई अझ उत्तेजित बनाएका छन् । यसबाट मङ्गलवारसम्म २०० भन्दा बढी व्यक्तिको ज्यान गएको छ, जसमा इजरायलतर्फ १० जनाको मृत्यु भएको छ। इजरायली सेनाका अनुसार हमासले तीन हजारभन्दा बढी क्षेप्यास्त्र प्रहार गरेका छन् ।

अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले ट्वीट गर्दै संयुक्तराज्य अमेरिकाले शान्त, व्यापक कूटनीतिक प्रयास जारी राखेको तथा परिस्थितिको तत्काल समाधानका लागि निरन्तर प्रयास गरिरहेको बताएका छन्। उनले द्वन्द्वबारे इजरायल र इजिप्टका समकक्षीसँग वार्ता गरिरहेको बताएका छन् ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले तीन दिनको अवधिमा दोस्रोपटक इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूलाई फोन गरी गाजाको हमास सरकारसँग तत्कालै युद्धविराम गर्न आग्रह गरेका छन्। तर राष्ट्रपति बाइडेनको आग्रहलाई बेवास्ता गर्दै इजरायलले विगत आठ दिनदेखि आक्रमणलाई निरन्तरता दिइरहेको छ। सोमवार अबेर पनि प्रधानमन्त्री नेतन्याहूले सुरक्षा अधिकारीसँग बैठक गरेर गाजाबाट भइरहेका आतङ्कवादी हमलाको प्रतिरोधलाई निरन्तरता दिन सुझाव दिएका छन् । जसले सबै इजरायली नागरिकले सुरक्षित महसूस गर्न पाउन्।

इजरायल–प्यालेस्टिनी विवाद आआफ्नो अस्तित्वसँग जोडिएको विषय हो। हमास समूहले इजरायलको स्वतन्त्र अस्तित्व र पहिचान मेटाएर प्यालेस्टिन देश निर्माण गर्न चाहन्छ । अहिलेको परिस्थितिमा त्यो सम्भव छैन, तर इजरायलले पनि प्यालेस्टिनी जनतालाई सम्मानजनक व्यवहार दर्शाउन जरूरी छ । प्यालेस्टिनी जनताको स्वतन्त्र अस्तित्वलाई इजरायलले मान्यता दिन सके वर्षौंदेखिको यो द्वन्द्व सम्भवतः समाधानतर्फ उन्मुख हुनेछ । अहिले, जेरूसेलममाथिको अधिकार, पश्चिमी किनारामा इजरायली बस्ती विस्तार, प्यालेस्टिनी शरणार्थीको फिर्ती तथा लडाकू समूहको उदयले द्वन्द्वको तत्कालै शान्तिपूर्ण समाधानमा व्यवधान उत्पन्न गराउने निश्चित छ। बरु इजरायल र हमासले एकअर्काविरुद्ध गरिरहेका जथाभावी हमलाबाट आम नागरिकलाई जोगाउन विशेष सतर्कता आवश्यक छ ।

(अन्तर्राष्ट्रिय सञ्चार माध्यमको सहयोगमा तयार पारिएको)